अनुसूची (२)
(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

दोरम्बा गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः २ | संख्याः २

मितिः २०७५/१२/१८

भाग-२
**दोरम्बा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**टोकरपुर, रामेछाप**
**३ नं. प्रदेश, नेपाल**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ बमोजिमको अधिकार प्रयोग गरी दोरम्बा गाउँपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्‌बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न गरिने विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी कार्यका लागि स्थापना गरिने गाउँपालिका स्तरीय विपद् व्यवस्थापन कोषको संचालनार्थ दोरम्बा गाउँ कार्यपालिकाको मिति २०७५/०५/०५ को निर्णयले यो नियमावली पारित गरि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/०५/०५**

**सम्वत् २०७५ सालको नियमावली नं. २**

## दोरम्बा गाउँपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन नियामावली - २०७५



Scanned with CamScanner

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

१. यो नियमको नाम "दोरम्बा गाउँपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन नियमावली - २०७५" रहेको छ ।

२. यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

क) "कोष" भन्नाले नियम ३ बमोजिम सञ्चालन एवं व्यवस्थापन गरिने विपद् व्यवस्थापनको रकम सम्झनुपर्दछ ।

ख) "ऐन" भन्नाले दोरम्बा गाउँपालिकाको विपद् व्यवस्थापन सम्बन्धी ऐन २०७५ सम्झनुपर्दछ ।

ग) "वडा" भन्नाले गाउँपालिकाको वडा समितिलाई सम्झनुपर्दछ ।

घ) "समिति" भन्नाले गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति तथा वडा स्तरीय विपद् व्यवस्थापन समिति सम्झनुपर्दछ ।

ङ) "तोकिए वा तोकिए बमोजम" भन्नाले प्रचलित कानुन अनुसार तोकिएको वा तोकिए बमोजिमको कुराहरू सम्झनुपर्दछ ।

## परिच्छेद - २
## कोष सञ्चालन एवं व्यवस्थापन

३. कोषको स्थापना :

१. दोरम्बा गाउँपालिकाको विपद् व्यवस्थापन ऐन २०७५ को दफा १२ ले व्यवस्था गरे बमोजिम एक कोष खडा गरिनेछ ।

२. उपनियम (१) बमोजिम बनेको कोषमा ऐनमा व्यवस्था भए बमोजिम स्रोतबाट प्राप्त रकम जम्मा गरिनेछ ।

४. कोषको प्रयोग :

१. कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछ ।

क) प्राकृतिक प्रकोप, विपद्बाट असर परेको वा पर्न सक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण गर्ने ।

ख) तत्कालिन राहत तथा अस्थायी बसोबासको प्रबन्ध मिलाउने ।

ग) विपद् पश्चात् तत्कालिन खाद्यान्नको लागि आर्थिक सहायता व्यवस्था गर्ने

घ) विपद्बाट घाइते तथा बिरामीको औषधी उपचार गर्ने ।

ङ) विपद्बाट देहावसान तथा काजक्रियाको लागि मृतकका आफन्तका लागि आर्थिक सहायता गर्ने ।

च) पहिरो तथा भुक्षयको तत्कालिन नियन्त्रण गर्ने ।

छ) विपद् व्यवस्थापनको सचेतनामुलक कार्यक्रम गर्ने, पूर्व सावधानी अपनाउने वा पूर्व तयारी गर्ने ।

५. कोषको रकम प्रयोग गर्न नहुने :

१. नियम (४) मा जुनसुकै कुरा लेखिए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैन ।

क) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई पारिश्रमिक, तलब भत्ता वा सुविधा उपलब्ध गराउन ।

ख) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन ।

ग) कुसैलाई चन्दा, पुरस्कार, उपहार, अनुदान प्रदान गर्न ।

घ) विपद्सँग सम्बन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन ।



Scanned with CamScanner

६. कोषको व्यवस्थापन तथा सञ्चालन

१. कोषको रकम भिन्नै खातामा जम्मा गरिनेछ ।

२. प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुख को संयुक्त हस्ताक्षरबाट उपनियम (१) बमोजमको खाता सञ्चालन गरिनेछ ।

७. आर्थिक सहायता

क) विपद् तथा प्रकोपका घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरूप प्रति मृतक रू. ३०,०००।- (अक्षरूपी तीस हजार) का दरले आर्थिक सहायता वडा समितिको सिफारिस उपलब्ध गराइनेछ ।

ख) विपद्बाट घर, बहालको आवास नष्ट भएका वा खाद्यान्न समेत नभएका वा दुवै अवस्थामा पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाका लागि रू. १५,०००।- (अक्षररूपी पन्ध्र हजार) सम्म प्रति परिवार राहत सहयोग उपलब्ध गराइनेछ ।

ग) त्यस्तै आगलागी लगायतका विपद्का घटनाबाट गोठ तथा चौपाया क्षति हुन गएमा प्रति परिवार रू. १००००।- (अक्षररूपी रू. दश हजार) सम्म राहत सहयोग उपलब्ध गराइनेछ ।

८. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

क) प्रकोपका जोखिममा रहेका क्षेत्रको पहिचान गरी प्रकोप नियन्त्रणको योजना बनाई गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिको निर्णय अनुसार वा समितिको अध्यक्षबाट लागत अनुमान तयार गर्न लगाई खर्च गरिनेछ ।

ख) खोज तथा उद्धारका लागि दक्ष जनशक्ति तयार गर्ने र खोज तथा उद्धार सम्वन्धी अत्यावश्यक औजारको प्रबन्ध मिलाइनेछ ।

ग) सामाजिक एवं गैरसरकारी संघ संस्थाको सहयोग लिई विपद् व्यवस्थापन सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

घ) विपद्बाट आवागमन अवरूद्ध भएको भए वा घर तथा संरचना अति जोखिममा परेको भए वा विपद्को अति जोखिममा रहेको क्षेत्रलाई जोखिममुक्त बनाउन बढीमा ५ घण्टा जेसिभी वा स्काभेटर प्रयोग गर्नुपर्ने भएमा वडा कार्यालयको सिफारिसमा गाउँपालिका अध्यक्षको आदेश पश्चात खर्च गरिनेछ । सो भन्दा बढी समय लाग्ने भएमा गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गरिनेछ ।

ङ) प्रकोपका घटनामा परी घाइते हुनेहरूलाई सरकारी अस्पतालमा नेपाल सरकारले उपचारको प्रबन्ध मिलाएकोले उपचारको लागि अस्पताल पुऱ्याउने प्रबन्ध गराइनेछ ।

च) प्रकोपबाट पीडितकाल लागि आश्रयस्थल निर्माणका लागि सहुलियत दरमा निर्माण सामाग्री काठ, बालुवा, गिटी (स्थानीय स्तरमा उपलब्ध हुने) उपलब्ध गराइनेछ ।

छ) भुकम्प, बाढी, पहिरो, आगलागी, असिनापानी, हुरीबतास, चटयाङका साथै अन्य प्राकृतिक प्रकोपबाट पीडितलाई उपलब्ध गराइने राहत प्राप्त गर्न अनिवार्य रूपमा प्रहरी मुचुल्का समावेश गर्नु पर्नेछ ।

ज) विपद् तथा प्रकोपका कारण जमिनमा पहिरो गई क्षयीकरण भएमा जाली खरिद गरी उपलब्ध गराउने तर जाली भर्ने ढुङा एवं सामाग्री स्थानीय स्तरबाटै व्यवस्थापन गर्नुपर्नेछ । तर जाली अन्य निकायबाट उपलब्ध भएको खण्डमा जाली भर्ने खर्च समेत व्यहोरिनेछ ।

झ) राहत उपलब्ध गराउँदा घटना भएको ३० दिनभित्र सुचना प्राप्त भएको घटनाका लागि मात्र राहत सहयोग उपलब्ध गराइनेछ । राहत रकम दोहोरो नपर्ने गरी उपलब्ध गराइनेछ ।



Scanned with CamScanner

९. अधिकार प्रत्यायोजन : गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिले आफूमा रहेको केही अधिकार वडा स्तरमा प्रत्यायोजन गर्न सक्नेछ ।

१०. लेखा तथा लेखापरीक्षण

क) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

ख) कोषको वार्षिक आय व्ययको प्रतिवेदन कार्यपालिका मार्फत गाउँसभा समक्ष पेश गरिनेछ ।

११. बाधा अड्काउ फुकाउ : यस नियमावलीको कार्यान्वयनमा कुनै समस्या उत्पन्न भएमा त्यसको अन्तिम निर्णय गर्ने अधिकार दोरम्बा गाउँ कार्यपालिकामा निहित रहनेछ ।

आज्ञाले,
दिपेन्द्र रेग्मी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner